# जिरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जिरी, दोलखा

बागमती प्रदेश, नेपाल


विषयः आ.व. २०८०/८१ का योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा प्रतिवेदन सम्बन्धमा।

*(प्रकाशित मितिः- २०८१/०७/२९)*

प्रस्तुत विषयमा यस जिरी नगरपालिकाले आ.व. २०८०/८१ मा कार्यान्वयन गरेका नगरका योजना तथा कार्यक्रमहरुका साथै संघीय ससर्त, संघीय समपूरक, प्रदेश ससर्त र प्रदेश समपूरक तर्फका योजना तथा कार्यक्रमहरुको प्रगति तथा खर्चका सम्बन्धमा मिति २०८१/०७/२९ मा जिरी नगर कार्यपालिकाको सभाहलमा **"आ.व. २०८०/०८१ का योजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा कार्यक्रम"** आयोजना गरिएको थियो। कार्यक्रम नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, सम्बन्धित वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतसहित सम्बन्धित शाखा प्रमुख तथा कर्मचारीहरु र वडा सचिवहरुको सहभागितामा मुख्य रुपमा देहाय बमोजिमका विषयवस्तुहरुमा छलफल गरी यो प्रतिवेदन पारित गरीयो।

१. २०८०/०८१ को बजेटः

आ.व. २०८०/०८१ मा यस नगरपालिकाले रु. ५६ करोड ११ लाख ३२ हजार २ सय ७२ बजेट विनियोजन गरेकोमा ७४.२० प्रतिशत (रु. ४१ करोड ६३ लाख ९९ हजार ५ सय २५ रुपैंया ८१ पैसा) बजेट खर्च गरिएको छ। तर नगरमा प्राप्त आम्दानीलाई मात्र आधार मानेर हेर्ने हो भने सो खर्च ८२.५८ प्रतिशत हुन आउँछ।

२. पूँजीगत खर्च तर्फः

पूँजीगत खर्चतर्फ विनियोजित रु. १९ करोड २३ लाख १७ हजार ४ सय ४७ मध्ये ६२.७४ प्रतिशत (रु. १२ करोड ६ लाख ६२ हजार ७ सय ९३ रुपैंया ३३ पैसा) बजेट खर्च भएको देखिएको छ।

३. चालू खर्च तर्फः

चालू खर्चतर्फ विनियोजित रु. ३६ करोड ८८ लाख १४ हजार ८ सय २५ मध्ये ८०.१८ प्रतिशत (रु. २९ करोड ५७ लाख ३६ हजार ७ सय ३२ रुपैंया ४८ पैसा) बजेट खर्च भएको देखिन्छ।

४. आन्तरिक आम्दानी तर्फः

रु. ३ करोड ५५ लाख नगरको आन्तरिक आम्दानी हुने अनुमान गरिएकोमा ६३.२३ प्रतिशत (रु. २ करोड २४ लाख ४९ हजार ९ सय २७ रुपैंया ३५ पैसा) आम्दानी भएको छ। *(हाइड्रोबाट प्राप्त सहयोग समेत समावेश गरिएको)*

- मित्र राष्ट्र चीन सरकारको अनुदान सहयोगमा जिरी मा.वि. को सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- लामो समयपछि नगरपालिकाको सहयोग र जिरी उद्योग वाणिज्य संघको आयोजनामा दोश्रो जिरी महोत्सव भव्यताका साथ सम्पन्न गरिएको छ।
- उपभोक्ता समितिबाट योजना कार्यान्वय गर्दा प्रकृयागत सहजताको लागि योजना सम्झौता देखि फरफारक सम्म आवश्यक पर्ने सबै कागजात समावेश गरी सहभागितामुलक योजना कार्यान्वयन किताब तयार गरी लागू गरिएको हुँदा उपभोक्तालाई योजना सम्झौता गर्न तथा भुक्तानी लिन सरल र सहज भएको छ।
- सेवा प्रवाह सरल र योजना कार्यान्वयनलाई समयमै सम्पन्न गर्न चालु आ.व. को योजना कार्यान्वयन कार्यतालिका स्वीकृत गरी २०८० फागुन मसान्त भित्र योजना सम्झौता र जेष्ठ मसान्त भित्र अन्तिम फरफारक गर्ने एउटा सफल र असल अभ्यास सुरु गरी असारे विकासको विकृतिलाई निरुत्साहित गरिएको छ।
- नगरको जोखिम संवेदनशिल भू-उपयोग योजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- उपभोक्ताको सहजता र सेवा प्रवाहलाई नागरीकको नजिक पुऱ्याई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सबै वडाहरुमा योजना सम्झौता, सामान्य स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरीक परिचय पत्र, स्वास्थ्य वीमा, अपाङ्गता परिचय पत्र वितरण लगायतका सेवालाई समेटी **एकिकृत घुम्ती सेवा शिविर** संचालन गरिएको छ।
- नगरपालिकाको काम कारवाहीलाई पारदर्शी, जवाफदेही बनाउन एवम् सेवा प्रवाह सम्बन्धमा नागरीक अभिमतबाट सेवा प्रवाहमा सुधार गरी सुशासन प्रवर्द्धन गर्न प्रत्येक चौमासिक अवधिको सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक परीक्षण गर्ने, प्रत्येक चौमासिक अवधिको आय व्ययको अवस्थाको कार्यपालिकामा समीक्षा गर्ने लगायतका कार्यहरूले सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याएको छ।
- रोजगार रणनीति, २०८० को निर्माण गरी लागू गरिएको छ।
- नगरबाट विभिन्न समयमा प्रदान गरिएका व्यवसायिक तालिमपश्चात आलु चिप्स उत्पादन तथा होजियारी कार्यक्रम मार्फत ४ जना व्यक्तिहरु स्वरोजगार बनेका छन्।
- प्रदेश सरकारको सहयोग र साझेदारीमा निर्मित ५०० मेट्रिक टन क्षमताको शीत भण्डार, रिक्रियशन हल, जिरी संग्रालय र खावा भ्यू टावर यथासक्य छिटो नगरपालिकालाई हस्तान्तरण गरी उद्देश्य अनुरुप नगरबासीको हितमा उपयोग गर्नका लागि सम्बन्धित निकाय एवं नेतृत्व समक्ष अनुरोध सहितको ताकेता गरिएको र यि संरचनाहरु उपयोगको लागि चाँडै नै सञ्चालनमा आउने विश्वास लिइएको छ।

जिरी नगरपालिका

| आ.व. २०८०/०८१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०८०/०८१ का योजनाहरुको सम्झौता, अनुगमन तथा भुक्तानी संक्षेपीकरण फाराम | | | | | | | | |
| क्र.सं. | वडा नं. | | | | भुक्तानी विवरण | | | कैफियत |
| | | पूर्वाधारका योजना | सम्झौता भएका योजना | बाँकी योजना | सम्झौता भएका योजना | भुक्तानी भएका योजना | भुक्तानी हुन बाँकी योजना | |
| १ | जिरी-१ | १७ | १७ | ० | १७ | १७ | ० | |
| २ | जिरी-२ | १८ | १८ | ० | १८ | १८ | ० | |
| ३ | जिरी-३ | २१ | २१ | ० | २१ | २१ | ० | |
| ४ | जिरी-४ | २६ | २६ | ० | २६ | २६ | ० | |
| ५ | जिरी-५ | २४ | २३ | १ | २३ | २३ | ० | |
| ६ | जिरी-६ | १७ | १७ | ० | १७ | १७ | ० | |
| ७ | जिरी-७ | १५ | १४ | १ | १४ | १४ | ० | |
| ८ | जिरी-८ | ३२ | ३२ | ० | ३२ | ३१ | १ | |
| ९ | जिरी-९ | २७ | २७ | ० | २७ | २७ | ० | |
| | | १९७ | १९५ | २ | १९५ | १९४ | १ | |

**कार्यान्वयन हुन नसकेका योजनाहरु:**

| | |
|---|---|
| जिरी-५ | कोल्ड स्टोर/रिक्रियसन हल व्यवस्थापन योजना(जिरी-५)-कार्यान्वयन हुन नसकेको। |
| जिरी-७ | फलफुल प्रवर्द्धन (किबी) प्रशोधन केन्द्र स्थापना कार्यक्रम, जिरी ७-कार्यान्वयन हुन नसकेको। |
| जिरी-८ | देउराली आ.वि. कम्प्युटर खरिद योजना सम्झौता भएर पनि कार्यसम्पन्न हुन नसकेको। |

**एकमुष्ठ सम्झौता गरेका योजनाहरु:**

| | |
|---|---|
| जिरी-२ | बौद्ध भुवनेश्वरी मा.वि.को २ वटा योजनाको एउटै सम्झौता गरिएको। |
| जिरी-४ | वडा कार्यालय रातमाटे सडक स्तरोन्नति योजनाको एउटै सम्झौता गरिएको। |
| जिरी-६ | खार्बोक गुम्बा पुननिर्माण सम्बन्धी २ वटा योजनाको एउटै सम्झौता गरिएको। |

**थप अनुगमन/मूल्यांकन गरेका योजनाहरु:**

| | |
|---|---|
| जिरी-२ | बौद्ध भुवनेश्वरी मा.वि विज्ञान प्रयोगशाला-थप अनुगमन। |
| री-२ | मत्स्य प्रबर्द्धन कार्यक्रम-थप अनुगमन। |
| जिरी-३ | खरायोवन बजिनी पहिरो पन्छाउने-थप अनुगमन। |